# जिल्ला प्रशासन कार्यालय काठमाडौं

**इजलाश**

**प्रमुख जिल्ला अधिकारी एकनारायण अर्याल**

**फैसला**

सम्वत् २०७१/०७२ सालको स.वा.फौ.मि.नं.१४७/६२९

दर्ता मिति :– २०७०/०४/२४

मुद्दा :– **केही सार्वजनिक अपराध**

निर्णय नं.२५४३, मिति :– २०७१/१२/१५

**वादी**

बिष्णु प्रसाद खनालको जाहेरीले
नेपाल सरकार..........................१
निजको प्रमाण...........................
साक्षीः जाहेरवाला बिष्णु प्रसाद खनाल
कागज..................................

**प्रतिवादी**

लिलाबहादुर भण्डारीको छोरा, जिल्ला काभ्रे, सूर्यखर्क गा.वि.स.,वडा नं.३ घर भई का.जि. का.म.न.पा.-३१ बस्ने वर्ष १९ को निरज भण्डारी .....................................................................१
प्रकाश नापितको छोरा, जिल्ला भक्तपुर, भक्तपुर न.पा.-५ बस्ने वर्ष २४ को सुनिल नापित..................................................१
निजको प्रमाण
साक्षी ......................................................................
कागज .....................................................................

**यस कार्यालयबाट बुझेको**

प्रमाण...........................................
साक्षी...........................................
कागज -------------------------

**केही सार्वजनिक ( अपराध र सजाँय ) ऐन, २०२७ को दफा ५(१) ले यसै कार्यालयको क्षेत्राधिकारभित्र पर्ने भई पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त विवरण र यस कार्यालयको ठहर यस प्रकार छ :–**

मुद्दा : केही सार्वजनिक अपराध ।

१. मिति २०७०।४।३ गते राती अं.२२.०० बजेको समयमा का.जि.,भद्रकाली आकाशेपुल मुनी म निवेदक मोवाइलमा कुरा गर्दै हिडिरहेको अवस्थामा पछि नाम थर खुल्न आएका सुनिल नापित र निरज भण्डारीले मलाई एक्कासी हातपात गरी टाउको लगायत शरिरको विभिन्न भागमा चोट पुर्याई मसँग

भएको मोवाइल र व्याग खोसी लिई विभिन्न धाक धम्की दिई भागेको र निजहरुलाई खोजतलास गरेर जाने क्रममा प्रहरीको सहायताले निजहरु ट्राफिक महाशाखामा प्रवेश गर्न लागेको अवस्थामा सो कार्यालयको गेटमा डिउटीमा खटिएको प्रहरीले पक्राउ गरेको हुदा निजहरुलाई कडा भन्दा कडा कारवाही गरी औषधि उपचारमा लागेको खर्च समेत दिलाई भराई पाउँ भन्ने व्यहोराको विष्णुप्रसाद खनालको जाहेरी दरखास्त ।

२. मिति २०७०।४।३ गते राती अं.२२.०० बजेको समयमा का.जि.,भद्रकाली आकाशेपुल मुनी पछि नाम थर खुल्न आएका सुनिल नापित र निरज भण्डारी लुटपाट गर्नको लागि लुकिछिपि बसी जाहेरवाला विष्णुप्रसाद खनाललाई एक्कासी हातपात गरी व्याग खोसी भागी पछि झोला फिर्ता गरेको अवस्थामा प्रहरीले पक्राउ गर्ने क्रममा प्रहरी कर्मचारीलाई विभिन्न गाली गलौज गरी लछारपछार पारी हातपात समेत गरी भाग्न लागेको हुदा निजहरुलाई कानून बमोजिम कारवाही गरी पाउँ भन्ने समेत व्यहोराको घटनास्थल मुचुल्का तथा प्रहरी प्रतिवेदन ।

३. मिति २०७०।४।३ गते राती अं.२२.०० बजेको समयमा का.जि.,भद्रकाली आकाशेपुल मुनी हामी दुवै जनाले हालमा नाम थर खुल्न आएका जाहेरवाला विष्णुप्रसाद खनाल एक्ले आइरहेको मौका पारी हामीले निजलाई आक्रमण गरी हातपात कुटपिट गरी धाक धम्की दिई साथमा रहेको मोवाइल समेत लुटी दुवै जना ट्राफिक प्रहरी महाशाखाको गेटनिर पुग्दा प्रहरीले फेला पारी हामीहरुलाई पक्राउ गरेका हुन, हामीले लुटी लगेको मोवाइल समेत निज जाहेरवालालाई फिर्ता दिई सकेका छौं भन्ने समेत व्यहोराको प्रतिवादीहरु सुनिल नापित र निरज भण्डारीले अधिकार प्राप्त अधिकारी समक्ष गरेको वयान ।

४. Blunt Injury on Left Parietal Prominence 3 pin point small pumpture भन्ने समेत व्यहोराको विष्णुप्रसाद खनालको घाउँजाँच केश रिपोर्ट ।

५. मिति २०७०।४।३ गते राती अं.२२.०० बजेको समयमा का.जि.,भद्रकाली आकाशेपुल मुनी पछि नाम थर खुल्न आएका सुनिल नापित र निरज भण्डारी लुटपाट गर्नको लागि लुकिछिपि बसी जाहेरवाला विष्णुप्रसाद खनाललाई एक्कासी हातपात गरी व्याग खोसी भागी प्रहरीले पक्राउ गर्ने क्रममा प्रहरी कर्मचारीलाई विभिन्न गाली गलौज गरी लछारपछार पारी हातपात समेत गरी भाग्न लागेको अवस्थामा प्रहरीले पक्राउ गरेको भन्ने समेत व्यहोराको जाहेरी दरखास्त, घटनास्थल मुचुल्का तथा पक्राउ परेका प्रतिवादीहरुले अधिकार प्राप्त अधिकारीसमक्ष गरेको वयान समेतका कागजातहरुका आधारमा प्रतिवादीहरु सुनिल नापित र निरज भण्डारीको उक्त कार्य केही सार्वजनिक (अपराध र सजाँय ) ऐन, २०२७ को दफा २ को खण्ड (ख), (ज) र (झ) अनुसारको कसूर अपराध भएकोले निज प्रतिवादी सुनिल नापित र निरज भण्डारीलाई उक्त कसूरमा सोही ऐनको दफा ६(१) बमोजिम सजाँय गरी पाँउ भन्ने व्यहोराको अभियोग माग दावी ।

६. २०७०।४।३ गते निरज भण्डारीसँग बग्गिखाना अगाडि हिडीरहेको अवस्थामा सोधपुछको लागि प्रहरीले मलाई पक्राउ गरेको हो, अभियोग-पत्रको मागदावी अनुसार मैले कसुर गरेको छैन, साक्षी प्रमाण छैन भन्ने समेत व्यहोराको प्रतिवादी सुनिल नापितले यस कार्यालयमा गरेको वयान ।

७. २०७०।४।३ गते सुनिल नापितसँग बग्गिखाना अगाडि हिडीरहेको अवस्थामा सोधपुछको लागि प्रहरीले मलाई पक्राउ गरेको हो, साक्षी प्रमाण छैन भन्ने समेत व्यहोराको प्रतिवादी निरज भण्डारीले यस कार्यालयमा गरेको वयान ।

८. अभियोग इन्कारी गरी वयान गरेता पनि मिसिलसाथ पेश भएका कागजातहरुको आधार प्रमाणहरुबाट प्रतिवादी सुनिल नापित र निरज भण्डारीले अहिले नै आरोपित कसूर गरेको होइन भन्न सकिने नदेखिएकोले मु.ऐ.अ.बं. ११८ को देहाय ५ नं. अनुसार प्रतिवादीहरु सुनिल नापित र निरज भण्डारीसँग जनही रु १२,०००।- नगदै वा सो वरावरको जेथा जमानत धरौटी लिई तारेखमा राख्नु, दिन नसके सोही नं.को देहाय ८ नं.बमोजिम थुनामा राखी मुद्दाको पूर्पक्ष गर्नु भन्ने मिति २०७०/०४/२४ को यस कार्यालयको आदेश ।

८.मिसिलको व्यहोरामा भएको जाहेरी दरखास्तको व्यहोरा मेरै हो । जाहेरी दरखास्तमा दावी गरे बमोजिमको औषधि उपचार खर्च प्रतिवादी सुनिल नापितका तर्फबाट मैले घरसारमै प्राप्त भई सकेकाले विगो दावीका सम्वन्धमा मेरो दावी छैन । वारदात मितिमा प्रतिवादीमध्येका निरज भण्डारीले मात्र म जाहेरवालाको साथमा रहेको मोवाइल, व्याग खोसी हातपात गर्दै कुटपिट गर्ने क्रममा उक्त झगडा छुट्याउन आउने सुनिल नापितलाई निरज भण्डारीले नाम दिए अनुसार मैले जाहेरी दरखास्तमा निज सुनिल नापितको नाम समावेश गरेको हुँ । उक्त घटना घटाउने र म जाहेरवालाको साथमा रहेको सामानहरु खोस्दै कुटपिट गर्ने प्रतिवादीमध्येका निरज भण्डारी मात्र हुन् भन्ने समेत व्यहोराको जाहेरवाला विष्णुप्रसाद खनालले यस कार्यालयमा गरेको वकपत्र ।

## ठहर

नियम बमोजिम मुद्दा पेशी सुचिमा चढी निर्णयार्थ ईजलाश समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा जाहेरवाला विष्णुप्रसाद खनाललाई मिति २०७०।४।३ गते राती अं.२२.०० बजेको समयमा का.जि., भद्रकाली आकाशेपुल मुनी पछि नाम थर खुल्न आएका प्रतिवादीहरु सुनिल नापित र निरज भण्डारी लुटपाट गर्नको लागि लुकिछिपि बसी जाहेरवाला विष्णुप्रसाद खनाललाई एक्कासी हातपात गरी व्याग खोसी भागी प्रहरीले पक्राउ गर्ने क्रममा प्रहरी कर्मचारीलाई विभिन्न गाली गलौज गरी लछारपछार पारी हातपात समेत गरी भाग्न लागेको अवस्थामा पक्राउ परेको भन्ने समेत व्यहोराको जाहेरी दरखास्त, घटनास्थल मुचुल्का तथा पक्राउ परेका प्रतिवादीहरुले अधिकार प्राप्त अधिकारीसमक्ष गरेको वयान समेतका कागजातहरुका आधारमा प्रतिवादीहरु सुनिल नापित र निरज भण्डारीलाई केही सार्वजनिक (अपराध र सजाँय ) ऐन,२०२७ को दफा २ को खण्ड (ख),(ज) र (झ) अनुसारको कसूर अपराधमा निज प्रतिवादीहरु सुनिल नापित र निरज भण्डारीलाई सोही ऐनको दफा ६(१) बमोजिम सजाँय गरी पाउँ भन्ने अभियोग मागदावी रहेछ ।

यसमा प्रतिवादीहरु सुनिल नापित र निरज भण्डारीले अभियोग मागदावी वमोजिम कसूर गरेका हुन होइनन्, कसुर गरेका भए निजहरुलाई के कस्तो सजाँय हुनु पर्ने हो भन्ने सम्वन्धमा निर्णय दिनु पर्ने देखिन आयो ।

मिसिल संलग्न कागजातहरु अध्ययन गरी निर्णय तर्फ बिचार गर्दा:

१. मिति २०७०।४।३ गते राती अं.२२.०० बजेको समयमा का.जि., भद्रकाली आकाशेपुल मुनी पछि नाम थर खुल्न आएका प्रतिवादीहरु सुनिल नापित र निरज भण्डारी लुटपाट गर्नको लागि लुकिछिपि बसी जाहेरवाला विष्णुप्रसाद खनाललाई एक्कासी हातपात गरी व्याग खोसी भागी प्रहरीले पक्राउ गर्ने क्रममा प्रहरी कर्मचारीलाई विभिन्न गाली गलौज गरी लछारपछार पारी हातपात समेत गरी भाग्न लागेको अवस्थामा पक्राउ परेको भन्ने व्यहोराको घटनास्थल मुचुल्का रहेछ ।

२. अनुसन्धानका क्रममा प्रतिवादी निरज भण्डारीले *उल्लेखित मितिमा उक्त स्थानमा अर्का प्रतिवादी सुनिल नापित र म आकाशे पुलमुनी बसी रहेको जाहेरवाला विष्णुप्रसाद खनाल एक्लै हिडिरहेको अवस्थाको मौका पारी धाक धम्की डर त्रास देखाई हातपात गरी साथमा रहेको मोवाइल खोसी लगेकोमा प्रहरीले फेला पारी पक्राउ गरी ल्याएको र मैले लगेको मोवाइल जाहेरवालालाई फिर्ता गरेको* भनी कसुरमा सावित वयान गरेका रहेछन् । अर्का प्रतिवादी सुनिल नापितले *आकाशे पुलमुनी बसी रहेको अवस्थामा जाहेरवाला एक्लै आएको मौका पारी हामीले आक्रमण गरी हातपात गरी साथमा रहेको मोवाइल खोसी दुवै जना महानगरीय ट्राफिक प्रहरी महाशाखा रामशाहपथ पुग्दा प्रहरीले फेला पारी म समेतलाई पक्राउ गरेको, खोसी लगेको मोवाइल जाहेरवालाले नै फिर्ता लगेको* भनी कसुरमा सावित रही वयान गरेका रहेछन् । यस कार्यालय समक्षको वयानमा *सुनिल नापितसँग वग्गीखाना अगाडि हिडीरहेको अवस्थामा सोधपुछको क्रममा प्रहरीले पक्राउ गरेको* भनी निरज भण्डारीले वयान गरेका र अर्का प्रतिवादी सुनिल नापितले *निरज भण्डारीसँग बग्गीखाना अगाडि हिडीरहेको अवस्थामा सोधपुछको लागि प्रहरीले पक्राउ गरेको, अभियोग मागदावी अनुसार मैले कसूर गरेको छैन* भनी वयान गरेका रहेछन् ।

३. जहाँसम्म अभियोग माग दावी लिइएको केही सार्वजनिक ( अपराध र सजाँय ) ऐन, २०२७ को दफा २ (ख), (ज) र (झ) छ सो सम्बन्धमा विश्लेषण गर्दा ऐ दफा २ (ख) मा *सार्वजनिक स्थानमा कुटपीट वा हुल हुज्जत गरी शान्ति भंग गर्ने,* ऐ (ज) मा *सार्वजनिक स्थानमा जथाभावी व्यवहार गर्ने,* ऐ (झ) मा *कसैलाई हैरानी गर्ने वा सताउने हेतुले कहीं बसीरहेको अवस्थामा वा बाटोघाटोमा हिंडिरहेको वा सवारीमा गई रहेको अवस्थामा कुनै प्रकारले बाधा विरोध वा छेक थुन (घेराउ) गर्ने वा हुलहुज्जत, हातपात, कुटपीट, बिजाई वा उपद्रयाँई गर्ने वा त्यस्तो व्यक्तिको साथमा भएको सम्पत्ति खोसी लिने वा नोक्सान गर्ने वा सवारीको साधनमा नोक्सान पुर्याउने* आदि कृयाकलापहरुका सम्बन्धमा उल्लेखित उपदफाहरु आकर्षित हुने देखियो ।

४. अब वारदात घटाउने र कसुर अपराध गर्ने कार्यमा प्रतिवादीहरुमध्ये को कसको कस्तो संलग्नता छ भनी विष्लेषण गर्दा प्रतिवादी सुनिल नापितले यस कार्यालयमा गरेको बयानमा कसुरमा ईन्कार रही बयान गरेका र माग भएको धरौट नगदै दाखिला गरी तारेखमा बसेका, जाहेरवाला विष्णुप्रसाद खनालले यस कार्यालय समक्ष उपस्थित भई गरेको वकपत्रमा *औषधि उपचार खर्चको विगोमा मेरो दावी छैन । वारदातका समयमा प्रतिवादीमध्येका निरज भण्डारीले मात्र म जाहेरवालाको मोवाइल र व्याग खोसी हातपात कुटपिट गरेको अवस्थामा झगडा छुट्याउन आउने सुनिल नापितलाई निरज भण्डारीले नाम दिए अनुसार मैले जाहेरी दरखास्तमा सुनिल नापितको नाम दिएको हुँ । उक्त घटना घटाउने, सामान खोस्दै कुटपिट गर्नेमध्येका निरज भण्डारी मात्र हुन्* भनी वकपत्र गरेको समेत देखिएकाले प्रतिवादी सुनिल नापितलाई केही सार्वजनिक (अपराध र सजाँय ) ऐन,२०२७ को दफा २ को खण्ड (ख),(ज) र (झ) अनुसारको कसूर अपराधमा सोही ऐनको दफा ६(१) बमोजिम सजाँय गरी पाउँ भन्ने अभियोग दावी पुग्न सक्दैन । निजले आरोपित कसुरबाट सफाई पाउने ठहर्छ ।

५. प्रतिवादीमध्येका निरज भण्डारीले अनुसन्धानको क्रममा कसुरमा सावित रही बयान गरेका, यस कार्यालयमा आई कसूरमा इन्कार रही वयान गरेता पनि आफ्नो कुनै साक्षी प्रमाण पेश नगरी कार्यालयबाट तोकिएको तारेख गुजारी बसेका र जाहेरवाला विष्णुप्रसाद खनाल यस कार्यालयमा आई वकपत्र गर्दा *प्रतिवादी मध्येका निरज भण्डारीले मात्र म जाहेरवालालाई हातपात गरी कुटपिट गरेको, मोवाइल व्याग खोसेको, निजले नाम दिए अनुसार नै जाहेरी दरखास्तमा सुनिल नापितको नाम समावेश गरेको, मेरो सामान खोस्दै कुटपिट गर्ने व्यक्ति निरज भण्डारीमात्र हुन्* भनी जाहेरी व्यहोरालाई थप पुष्ट्याँई गरेको देखिंदा प्रतिवादी निरज भण्डारीले अभियोग दावी बमोजिम कसुर गरेको ठहर्छ । सो ठहर्नाले निजलाई केही सार्वजनिक ( अपराध र सजाय ) ऐन, २०२७ को दफा ६(१) बमोजिम रु ९०००।- ( नौ हजार ) जरिवाना हुन्छ । अरुमा तपसील वमोजिम गर्ने गरी प्रस्तुत मुद्दा मुलुकी ऐन, अ.बं. १८६ नं. बमोजिम फैसला गरि दिएँ ।

## तपसिल

प्रतिवादी सुनिल नापित के माथि ईन्साफ खण्डमा लेखिए बमोजिम निजले अभियोग मागदावीबाट सफाई पाउने ठहरेकाले निजले मुद्दा पूर्पक्षको सिलसिलामा मिति २०७०।०४।२९ मा यस कार्यालयमा राखेको धरौट रकम रु. १२,०००/- फिर्ता पाँउ भनी प्रस्तुत मुद्दा अन्तिम किनारा भए पछि वा पुनरावेदन म्याद नाघे पछि ऐनका म्याद भित्र निवेदन दिए नियमानुसार फिर्ता दिनु........................१

प्रतिवादी निरज भण्डारी के माथि ईन्साफ खण्डमा लेखिए बमोजिम निज कसुरदार ठहर भई निजलाई रु ९०००।-( नौ हजार ) जरिवाना हुने ठहरेको र निजले यस कार्यालयबाट तोकिएको तारेख समेत गुजारी बसेकाले निजले मिति २०७०।४।२८ मा यस कार्यालयमा राखेको धरौटी रकम राजश्वमा दाखिला गर्नू...........................................................................................................२

प्रस्तुत फैसलामा चित्त नबुझे सो को ७० (सत्तरी) दिनभित्र पुनरावेदन अदालत, पाटन, ललितपुरमा पुनरावेदन गर्न जानु भनी जि.स.व.का. काठमाडौंलाई प्रस्तुत फैसलाको जानकारी र प्रतिवादी निरज भण्डारीलाई ७० दिने पुनरवेदन म्याद दिनु ......................................................................३

सरोकारवालाले फैसला र मिसिल संलग्न कागजातको नक्कल माग्न आए कानून बमोजिम नक्कल दिनू..........................................................................................................................४

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी म्यादमा पुनरावेदन परे मिसिल पुनरावेदन अदालत पाटनमा पठाइदिनू र नपरे नियमानुसार गरी अभिलेख राख्नू ..........................................................५

श्रीमान् प्रमुख जिल्ला अधिकारीज्यूले टिपाए वमोजिम टिपी
कम्प्युटर टाइप गर्ने ना.सु.परशुराम थापा

...................................
(एकनारायण अर्याल)
प्रमख जिल्ला अधिकारी

इति सम्वत २०७१ साल चैत्र १५ गते रोज १ शुभम्......................

प्रशासकीय अधिकृतः कृष्ण गैह्रे